आज मिति २०७७ साल असार १९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ८० औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

<u>तपशिल</u>

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

<u>अन्य उपस्थिति</u>

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगरकार्यपालिकाको मिति २०७७/०३/१९ गतेको ८० औ वैठकको निर्णयहरु

निर्णय नं. १ : सुन्दरबजार नगरपालिका वडा नं. ३ निवासी करीव १८ महिनाकी बालिका दिया कामी निज बालिका ७ महिनाको हुँदा आमाले छाडी बेपत्ता भएको र हाल हजुरआमाले हुर्काईरहेकोमा निजको आर्थिक अवस्था कमजोर रहेकोले बालिका स्याहार सुसारका लागि हजुरआमा फुलमाया कामीलाई रु २०,०००/( अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ : यस आर्थिक बर्ष २०७६/०७७ मा लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भई यस नगरपालिकामा नियुक्त भएका अधिकृत कर्मचारीहरुको विवरण सहितको नामावली स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : सुन्दरबजार अस्पतालबाट मसलन्द खर्च शीर्षकमा खर्च भएको जम्मा रकम रु १,४१,२२६/- ( अक्षरेपी एक लाख एकचालिस हजार दुई सय छब्बीस मात्र) भुक्तानीका लागि माग गरेकोमा नगरपालिकाको चालु खर्च शीर्षकबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ : यस आ. व. को विभिन्न मितिमा यस नगरपालिकाका विभिन्न वडाहरुमा बाढी पहिरोका कारण तत्काल पहिरो पन्छाउनुपर्ने वा मर्मत गर्नुपर्ने भएकाले सम्बन्धित वडाध्यक्ष र उपभोक्ता समिति बीच सम्झौता भई कार्य सम्पन्न भएकोमा सम्वन्धित वडाको साना पूर्वाधार विकासको रकम तर्फबाट र उक्त रकम खर्च भएको भए अन्य पूर्वाधार विकास शीर्षकबाट प्रचलित नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।